बैठक नं :५
मिति :२०७८/०८/२३ गते
समयः दिनको ११:०० बजे ।
स्थानः गोलन्जोर गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुली
।

आज मिति २०७८।०८।२३ गते विहिवार दिनको ११.०० बजे गोलन्जोर गाउँपालिकाका अध्यक्ष श्री पुष्प बहादुर कार्की ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्ताबहरु माथि छलफल गरि निम्नानुसारको निर्णय पारित गरियो ।

**उपस्थितीः**

| | |
|---|---|
| १ श्री पुष्प बहादुर कार्की | गाउँपालिका अध्यक्ष |
| २ श्री गंगादेवी श्रेष्ठ | गाउँपालिका उपाध्यक्ष |
| ३ श्री दौलत कार्की | गाउँपालिका प्रबक्ता |
| ४ श्री मिन बहादुर सुनुवार | कार्यपालिका सदस्य |
| ५ श्री पुष्कर राज वराल | कार्यपालिका सदस्य |
| ६ श्री बेग बहादुर मगर | कार्यपालिका सदस्य |
| ७ श्री बुद्धि बहादुर पाल्पाली | कार्यपालिका सदस्य |
| ८ श्री पुरुषोत्तम श्रेष्ठ | कार्यपालिका सदस्य |
| ९ श्री रोम बहादुर देबकोटा | कार्यपालिका सदस्य |
| १० श्री भक्त बहादुर भुजेल | कार्यपालिका सदस्य |
| ११ श्री कुमारीमाया मगर | कार्यपालिका सदस्य |
| १२ श्री सावित्रा तमाङ् | कार्यपालिका सदस्य |
| १३ श्री जमुना कोईराला | कार्यपालिका सदस्य |
| १४ श्री रण बहादुर सार्की | कार्यपालिका सदस्य |
| १५ श्री ईन्द्र कुमारी हायु | कार्यपालिका सदस्य |
| १६ श्री प्रेम बहादुर श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत |

**अन्य उपस्थितिः**

१७ श्री सेवक विक्रम राई - लेखा अधिकृत
१८ श्री तिर्थ कुमार भण्डारी – नायव सुव्वा
१९ श्री सुविर विक्रम कार्की – सूचना प्रविधि अधिकृत

बैठकका प्रस्तावहरु:

प्रस्ताव नं १ हेफर प्रोजेक्ट संचालन सम्बन्धमा।

प्रस्ताव नं २: सशर्त कार्यक्रम अन्तर्गत नविकरणीय उर्जा प्रविधि जडान सम्वन्धमा ।

प्रस्ताव नं ३ शिक्षा तर्फको अनुदान व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं ४ समपुरक योजना माग गर्ने सम्वन्धमाम।

प्रस्ताव नं ५ कोभिड १९ को माहामारीबाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण सम्बन्धमा ।

प्रस्ताव नं ६ सवै वडाहरुमा विनियोजन भएको रकम रोक्का गर्ने सम्वन्धमा ।

प्रस्ताव नं ७ निकासी कर संकलन सम्बन्धमा ।

प्रस्ताव नं ८  कवोर्ड हल र कम्युनिटि हल निर्माण सम्वन्धमा ।

प्रस्ताव नं ९  (घ) वर्ग ईजाजात पत्र सम्वन्धमा ।

प्रस्ताव नं १०  शिक्षक सरुवा अनुमोदन सम्वन्धमा ।

प्रस्ताव नं ११  अनुगमन गरी प्रतिवेदन पेश गर्ने सम्वन्धमा ।

प्रस्ताव नं १२ आर्थिक सहायता सम्बन्धमा  ।

प्रस्ताव नं १३ नगर विकास समिति पदाधिकारी मनोनित सम्वन्धमा ।

प्रस्ताव नं १४ स्वास्थ्य सामुदायिक ईकाईमा कर्मचारी व्यवस्थापन सम्वन्धमा ।

प्रस्ताव नं १५ शिक्षक व्यवस्थापन सम्वन्धमा ।

प्रस्ताव नं १६ कार्यविधि समवन्धमा ।

प्रस्ताव नं १७ अस्थायी क्रसरबाट सामाग्री संकलन अनुमति अनुमोदन सम्वन्धमा

प्रस्ताव न १८ योजना संसोधन सम्वन्धमा ।

प्रस्ताव नं १९ विविध सम्बन्धमा ।

निर्णयहरुः

निर्णय नं १ माथी छलफल गर्दा यस गोलन्जोर गाउँपालिकाको आ.व. २०७७/०७८ देखि ३० महिनाको लागि कृषि र पशुपालन क्षेत्रमा लगानी गरी आम समुदायको जीवनस्तर सुधार गरि आय आर्जन तथा स्वरोजगारका गतिविधि संचालनको प्रमुख उद्धेश्य राखि हेफर प्रोजेक्ट नेपाल र गोलन्जोर गाउँपालिका विच कार्यक्रम सम्झौता भएकोमा सम्झौता बमोजिम कर्जा प्रवाह हाल सम्म नभएको देखिएकोले सो को बारेमा १५ दिन भित्र जानकारी लिन हेफर प्रोजेक्ट नेपाललाई पत्राचार गर्ने निर्णय गरियो ।साथै सो को प्रतिक्रिया कार्यान्वयन योग्य र व्यवहारिक नभए हेफर प्रोजेक्ट नेपालसँगको गाउँपालिकाले गरेको सम्झौता भँग गर्ने निर्णय गरियो ।

निर्णय नं २ माथि छलफल गर्दा स्थानीय तहका लागि श्री संघीय सरकारबाट सशर्त कार्यक्रम अन्तर्गत नविकरणीय/वैकल्पिक उर्जा प्रविधि जडान कार्यक्रम तर्फ बायोग्याँस/विधुतिय चुलो/सुधारिएको चुलो /सौर्य उर्जा कार्यक्रम कार्यान्वयनको लागि रु.८००००० (आठ लाख मात्र) विनियोजन रहेकोले सो कार्यक्रम सम्वन्धमा श्री उर्जा जलश्रोत तथा सिँचाई मन्त्रालयबाट जारी गरिएको "स्थानीय तहका लागि नविकरणिय/वैकल्पिक उर्जा शिर्षकमा विनियोजन सशर्त अनुदान अन्तर्गतका कार्यक्रमहरु कार्यान्वयनको लागि मार्गदर्शन २०७५ को बुँदा न ५ मा उल्लेख भए अनुसार माथि तोकिएका नवीकरणिय उर्जा प्रविधिहरु यस गाउँपालिकाको क्षेत्र भित्र सो टुक्रे कार्यक्रमहरु कार्यान्वयन गर्न प्राविधिक हिसावले सम्भाब्य नदेखिएकोले र एउटै कार्यक्रम कार्यान्वयन गर्दा प्रगति समेत देखिने हुनाले सो नविकरणीय उर्जा कार्यक्रम तर्फ विनियोजन भएको रकम रु.८००००० एकमुष्ट ७ वटा सोलर सडक वत्ती कार्यक्रमको लागि ई-विड मार्फत सूचना प्रकाशन पश्चात तपसिल बमोजिम स्थानमा जडान गरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.स | सडक वत्ती कार्यक्रम जडान हुने स्थान | थान | कैफियत |
|---|---|---|---|
| १ | गोलन्जोर गाउँपालिका ६ देउरालीटार क्षेत्र | २ | त्रिदेवि सहकारी नजिक र प्रतिक्षालय |
| २ | गोलन्जोर गाउँपालिका वडा नं ७ ग्वालटार क्षेत्र | ५ | ४ ग्वालटार बजार क्षेत्र र १ वटा भिमलेश्वर महादेव मन्दिर क्षेत्र |

निर्णय नं ३ आ. व. २०७८।०७९ मा शैक्षिक व्यवस्थापन अनुदान शीर्षकमा विद्यालयगत रुपमा विनियोजित वजेटबाट विद्यालयगत रुपमा निकासा हुने रकम तपसिल अनुसार बिनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

| आ व २०७८।०७९ मा शैक्षिक व्यवस्थापन अनुदान शीर्षकमा विद्यालयगत रुपमा विनियोजित बजेटबाट विद्यालयगत रुपमा निकासा हुने गरी विनियोजित विवरण | | | | |
|---|---|---|---|---|
| क्रसं | विद्यालयको नाम | ठेगाना | खाता नं | जम्मा अनुदान रकम |
| १. | श्री सिद्धेश्वर प्रावि, सिमलटार | गोलन्जोर १ | १०६०००२१७४०१ | २६०००० |
| २. | श्री सुनकोशी प्रावि, च्याकुटारवेसी | गोलन्जोर १ | १०६०००३२६१०१ | १७५५०० |
| ३. | श्री सिंहेश्वरी प्रावि, थाक्ले | गोलन्जोर २ | १०६०००२२६३०१ | ३७०५०० |
| ४. | श्री आधारभूत विद्यालय, धारापानी | गोलन्जोर २ | १०६०००२१८१०१ | १७५५०० |
| ५. | श्री बाल मावि, सुलीभन्ज्याङ | गोलन्जोर २ | १०६०००२०८७०१ | १९५००० |
| ६. | श्री कुशेश्वरी प्रावि सिम्लेवेसी | गोलन्जोर ३ | १०६००१५६०७०१ | १७५५०० |
| ७. | बच्चापानी प्रावि सान्ने | गोलन्जोर ३ | १०६००१५६२८०१ | १७५५०० |
| ८. | श्री कौशिका मावि, ग्वाल्टार | गोलन्जोर ३ | १०६०००२०३१०१ | ६६४८०० |
| ९. | श्री वत्सला मावि, दिङदिङ किराँते | गोलन्जोर ४ | १०६०००२०८९०१ | १३५००० |
| १०. | श्री शारदा मावि, वेखटाँडी | गोलन्जोर ४ | १०६०००२०३२०१ | ५८५००० |
| ११. | श्री आवि, हिर्दिङ धुराडाँडा | गोलन्जोर ५ | १०६०००२०८३०१ | १७५५०० |
| १२. | श्री प्रावि, विजयछाप | गोलन्जोर ५ | १०६०००२६३३०१ | १७५५०० |
| १३. | श्री मावि, नयाँखर्क | गोलन्जोर ५ | १०६०००२१४७०१ | २३४००० |
| १४. | श्री जनता प्रावि, छेत्पा | गोलन्जोर ६ | १०६०००३१९७०१ | १७५५०० |
| १५. | श्री गणेश प्रावि, मगरवेसी | गोलन्जोर ६ | १०६०००२०८५०१ | १७५५०० |
| १६. | श्री प्रगतिशील जनता प्रावि, गैरीगाउँ | गोलन्जोर ६ | १०६०००३२२३०१ | ४३५५०० |
| १७. | श्री बालकन्या प्रावि, हैवारगाउँ | गोलन्जोर ६ | १०६०००३२३१०१ | १९५००० |
| १८. | बागेश्वरी प्रावि झगरपुर | गोलन्जोर ६ | | १९५००० |
| १९. | श्री वालज्योती प्रावि, ठुलीपोखरी | गोलन्जोर ७ | १०६०००२९३२०१ | ३९०००० |
| २०. | श्री जनज्योति मावि, खुर्कोट | गोलन्जोर ७ | १०६०००२०३८०१ | २७०००० |
| | जम्मा | | | ५३३८००० |

श्री कौशिका माध्यमिक विद्यालयमा लाईब्रेरी कर्मचारी व्यवस्थापन सम्वन्धमा थप गरिएको रकम रु.३३८०००।- (अक्षरेपी तिन लाख अठ्तिस हजार मात्र) अन्य मर्मत सुधार कार्यक्रमबाट थप गर्ने निर्णय गरियो ।

निर्णय नं ४ माथि छलफल गर्दा यस गोलन्जोर गाउँपालिका भित्र चा.लु आ.व २०७८/०७९ को लागि तपसिलका समपुरक योजनाहरु श्री राष्ट्रिय योजना आयोगमा माग गर्ने निर्णय गरियो ।

| क्र.स | योजनाहरुको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | आफ्रे डाँडागाउँ भण्डारे सडक स्तरोन्नती | १००००००+१०००००० | |
| २ | देउराली-चैनपुर सडक स्तरोन्नती | १००००००+१०००००० | |
| ३ | छब्बिस देखि वडा कार्यालय चिसापानी भक्तिराम नाजकाजोली सडक स्तरोन्नती | १००००००+१०००००० | १५ कि.मि डिपिआर भईसकेको |

निर्णय नं ५ नेपाल सरकार अर्थ मन्त्रालयको कोभिड १९ को माहामारीबाट प्रभावित अति विपन्न परिवारहरुको लागि नगद हस्तान्तरण कार्यविधि बमोजिम तोकिएको सिमा भित्र रहि यस गाउँपालिका अन्तर्गत वडाहरुमा जनसख्या भुगोल गरिवी र माहामारीबाट बढि प्रवाभित र असंगठित क्षेत्रका वेरोजगारीको अवस्थालाई समेत मध्ये नजर गरि तपशिलका वडामा तपशिलका कोटा निर्धारण गर्ने निर्णय गरियो ।

तपशिल

| क्र .स. | वडाहरु | रोजगारी आय आर्जनको अवशर गुमाएका अनौपचारी तथा असंगठित क्षेत्रमा रहेका अति विपन्न गरीव लाभग्राही परिवार संख्या | रकम रु | जम्मा रकम |
|---|---|---|---|---|
| १ | गोलन्जोर गाउँपालिका वडा नं १ | ४५ | १०,०००। | ४५००० |
| २ | गोलन्जोर गाउँपालिका वडा नं २ | ४५ | १०,०००। | ४५००० |
| ३ | गोलन्जोर गाउँपालिका वडा नं ३ | ४५ | १०,०००। | ४५००० |
| ४ | गोलन्जोर गाउँपालिका वडा नं ४ | ६० | १०,०००। | ६०००० |
| ५ | गोलन्जोर गाउँपालिका वडा नं ५ | ५२ | १०,०००। | ५२००० |
| ६ | गोलन्जोर गाउँपालिका वडा नं ६ | ५३ | १०,०००। | ५३००० |
| ७ | गोलन्जोर गाउँपालिका वडा नं ७ | ४५ | १०,०००। | ४५००० |
| जम्मा | | ३४५ | | ३४५००० |

निर्णय नं ६ः माथि छलफल गर्दा यस चा.लु आ.व २०७८/०७९ मा वडाहरुमा विनियोजना भएका कुल रकमको २०% बराबरको रकम रोक्का राखी उक्त योजनाहरुको विवरण गाउँपालिकालाई उपलब्ध गराउने निर्णय गरियो । साथै उक्त विवरण गाउँपालिकामा उपलब्ध नगराए सम्म योजना सम्झौता र भुक्तानि रोक्का गर्ने निर्णय गरियो ।

निर्णय नं ७: माथि छलफल गर्दा निकासी कर सम्वन्धमा गाउँपालिका क्षेत्र बहिर निकासी गर्दा आर्थिक ऐनको व्यवस्था र सम्झौता बमोजिम ट्रयाकटर प्रति टिप रु.७०० र गाउँपालिका क्षेत्र भित्र स्थानीय समुदायले निर्माण गरेको आवास भवनको हकमा ट्रयाकटर प्रति टिप रु.४०० लिने गरी निर्णय गरियो ।

निर्णय नं ८: माथि छलफल गर्दा कवोर्ड हल तथा कम्युनिटि हल निर्माण गर्ने सम्वन्धमा यस गोलन्जोर गाउँपालिका ७ मा स्थापना भएको नैंया सहर आयोजना कार्यलय खुर्कोट मार्फत निर्माण हुन लागेको सामुदायिक भवन र कवोर्ड हल यस गाउँपालिका वडा नं ७ को मध्य पाहाडी राजमार्ग घुर्मि चोकबाट पूर्व चैनपुर बाराहा सडकको माथि ज्ञान ज्योती प्रा.वि पिप्ले रहेको स्थानमा कवोर्ड हल र ज्ञान ज्योती प्रा.वि बाट देब्रे उत्तर पुर्व २० मि. मा सामुदायिक हलको लागि निर्माण स्थल तोक्ने निर्णय गरियो ।

निर्णय नं ९: माथि छलफल गर्दा यस गाउँपालिकामा पेश भएको श्री नाम्साङ्ग कन्स्ट्रकशन एण्ड सप्लायर्सलाई कार्यविधि बमोजिम (घ) वर्ग निर्माण व्यवसायी ईजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं १0: माथि छलफल गर्दा माथी छलफल गर्दा यस कार्यालयको मिति २०७८/०५/२७ गतेको निर्यण बाट श्री कामदा मावि, डुडँभन्ज्याङ्ग गोलन्जोर १,मा रिक्त रहेको माध्यमिक तह अग्रेजी राहत अनुदान कोटा श्री शारदा मावि, बेखटाँडी गोलन्जोर ४, मा सारी शिक्षक नियुक्ति गर्ने र सोही शारदा मावि, बेखटाँडीमा मा मावि राहत अनुदान कोटा अंग्रेजी विषयमा कार्यरत शिक्षक तुलसा कुमारी काफ्लेलाई श्री कामदा मावि डुडँभन्ज्याङ्गमा सारी काम काज गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो साथै गोलन्जोर ६मा रहेको प्रावि वन्द्रिजोर कटहरे विद्यालयमा बालविकासमा विद्यार्थी संख्या न्युन रहेकाले त्यस विद्यालयमा कार्यरत बालविकास सहजकर्ता नमुना मंग्रातीलाई श्री गणेश प्रावि मगरवेसी गोलन्जोरमा कामकाजकोगर्नको लागि खाटाउने निर्यण पारित गरियो ।

निर्णयनं ११ माथि छलफल गर्दा श्री मावि नैंयाखर्क गोलन्जोर ५ मा रहेको प्र.अ र विद्यालय व्यवस्थापन विचको विवादको गुनासो आएकोले यस गाउँपालिकाको कार्यालयमा गुनासोको विषयमा शिक्षा युवा तथा खेलकुद शाखाले अनुगमन गरी एक हप्ता भित्र अनुगमन प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

निर्णय नं १२ माथि छलफल गर्दा यस गोलन्जोर गाउँपालिकामा निवेदन दर्ता गराएका मध्ये देहायका व्यक्तिहरुलाई विपद व्यवस्थापन कोषबाट आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

देहाय:

| क्र.स | नाम/थर | लिङ्ग | ठेगाना | सहायता माग गरिएको व्यहोरा | वडा कार्यालयले सिफारिस गरेको/नगरेको | निर्णय रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | सिता कुमारी विक | महिला | गोलन्जोर १ | विमारी भएको | गरेको | २०,०००। |
| २ | अर्जुन कुमार कार्की | पुरुष | गोलन्जोर ३ | बिमारी भएको | गरको | १०००००। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | डोर बहादुर नेपाली | पुरुष | गोलन्जोर १ | बिमारी भएको | गरेको | ३००००। |
| ४ | अबिरे दमाई | पुरुष | गोलन्जोर २ | मुटुको समस्या | गरेको | ७०००। |
| ५ | भिम बहादुर दमाई | पुरुष | गोलन्जोर ६ | मुटुको समस्या | गरेको | २००००। |
| ६ | टिका कुमार श्रेष्ठ | पुरुष | गोलन्जोर ६ | मुटुको समस्या | गरेको | १०००००। |
| ७ | सुनमाया तामाङ्ग | महिला | गोलन्जोर ४ | घर आगलागी भएको | गरेको | ४००००। |
| ८ | सन्तमाया तामाङ्ग | महिला | गोलन्जोर ४ | घर आगलागी भएको | गरेको | ४००००। |
| ९ | शान्तामाया दमिनि | महिला | गोलन्जोर ६ | पतिको शरिर सुनिएको | गरेको | २००००। |
| १० | अर्जुन कुमार कार्कि | पुरुष | गोलन्जोर ३ | जिब्रोमा क्यान्सर भएको | गरेको | १०००००। |
| ११ | यशोदा थापा कार्की | महिला | गोलन्जोर २ | तल्लो पेटको क्यानसर भएको | गरेको | १००००। |
| १२ | कर्ण बहादुर विक | पुरुष | गोलन्जोर ५ | बिमारी भएको | गरेको | ५००००। |
| १३ | टेक बहादुर तामाङ्ग | पुरुष | गोलन्जोर ४ | पिसाव थैलि क्यान्सर भएको | गरेको | २००००। |

निर्णय नं १३ माथि छलफल गर्दा नगर विकास समिति सञ्चालन गर्ने प्रयोजनार्थ नगर विकास समिति ऐन २०४५ बमोजिमको दफा ४ मा व्यवस्था भए अनुसार कार्यपालिकाबाट मनोनित गर्नु पर्ने ऐनमा भएको व्यवस्था अनुसार तपसिलका पदाधिकारीहरु कार्यपालिका सदस्य र विज्ञ तथा समाजसेवी व्यक्तिहरु मनोनित गर्ने निर्णय गरियो ।

तपसिल:

| | |
|---|---|
| बुद्धि बहादुर पाल्पाली | कार्यपालिका सदस्य मनोनित |
| पुरुषोत्तम श्रेष्ठ | कार्यपालिका सदस्य मनोनित |
| रोम बहादुर देवकोटा | कार्यपालिका सदस्य मनोनित |
| कविता पोखरेल | समाजसेवी |
| नवराज श्रेष्ठ | समाजसेवी |

निर्णय नं १४ माथि छलफल गर्दा स्वास्थ्य सेवाको पहुँच आम समुदायमा पुर्याउनको लागि विगत लामो समयदेखि स्वंय सेवको रुपमा कामकाज गर्दै आउनुभएका यस गोलन्जोर गाउँपालिकाको सामुदायिक स्वास्थ्य ईकाइहरुमा कार्यरत तपसिलका कर्मचारीलाई दैनिक ज्यालादारीमा न्युतमम माशिक रु १०,०००। (दश हजार) पारिश्रमिक दिने

गरि हाललाई सहयोगिको रुपमा तपशिलका स्वास्थ्य ईकाईमा तपशिलका व्यक्तिलाई काम काजमा लगाउने निर्णय गरियो ।

१) युवराज हायू (सामुदायिक स्वास्थ्य इकाई नाकाजोली)

२) हिरा कुमारी थापा (सामुदायिक स्वास्थ्य इकाई खनियाखर्क)

निर्णय नं १५ माथि छलफल गर्दा यस गाउँपालिका भित्र विभिन्न विद्यालयमा कार्यरत तपसिलका शिक्षकहरुको तपसिल बमोजिम व्यवस्थापन गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.स. | शिक्षकको नाम | कार्यरत विधालय | तह /विषय | व्यवस्थापन गरिएको विद्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | तेज प्रसाद खनाल | श्री मावि नँयाखर्क गोलन्जोर ५ | उच्च मावि अनुदान/जनसंख्या | श्री जनता मावि खनियाखर्क गोलन्जोर ५ | काज फिर्ता |
| २ | लेख वहादुर वस्नेत | श्री जनता मावि खनियाखर्क | मावि दरवन्दी/सामाजिक | श्री मावि नँया खर्क गोलन्जोर ५ | काज फिर्ता |
| ३ | मनोज शाह | श्री मावि नँया खर्क गोलन्जोर ५ | मावि दरवन्दी/ विज्ञान | श्री जनता मावि नँया खनियाखर्क गोलोन्जोर ५ | कामकाज गर्न खटाइएको |
| ४ | लव कुमार कर्ण | श्री जनता मावि खनियाखर्क | मावि राहत /विज्ञान | श्री मावि नँया खर्क गोलन्जोर ५ | कामकाज गर्न खटाइएको |

निर्णय नं १६ माथि छलफल गर्दा गोलन्जोर गाउँपालिकाको नगर विकास समिति संचालन तथा व्यवस्थापन कार्यविध २०७८ कार्यापालिकाबाट स्वीकृति गर्ने निर्णय गरियो ।

निर्णय नं १७ माथि छलफल गर्दा गोलन्जोर गाउँपालिका ७ खुर्कोटमा आस्थायी क्रसर द्वारा ढुङ्गा गिटि वालुवा गिटि संकलन गर्न टेलिकम्युनिकेशन कम्पनि लि. लाई दिएको अनुमति आजको कार्यपालिका बैठकबाट निर्णय गरियो ।

निर्णय नं १८ माथि छलफल गर्दा यस गाउँपालिकामा चा.लु आ.व २०७८/०७९ मा संचालन हुने तपसिलका योजना तथा कार्यक्रम आगामी गाउँ सभाबाट अनुमोदन हुने गरी हाललाई योजना संसोधन गर्ने निर्णय गरियो ।

| सि.न | योजनाको नाम | रकम रु | संसोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | फेंदिआप खोल्सो तारजाली वडा नं ३ | १५०००० | कोटाल अधिकारी डाँडा सडक | १५०००० | |
| २ | अनिता सिलाई कटाई | ५०००० | श्री अनिता | ५०००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | उद्योग<br>वडा नं ६ | | सिलाई कटाई<br>टेलर्स | | |
| ३ | गोलन्जोर वाखा फर्म<br>वडा नं ६<br>वडा नं ४(किराते टोल) | ५०००० | भुजेल कृषि तथा पशुपंक्षी फर्म | ५०००० | |
| ४ | शर्मिला कृषि फर्म<br>वडा नं ६ | ५०००० | शर्मिला कृषि तथा पशुपंक्षी फर्म | ५०००० | |
| ५ | मिन वाखा फर्म<br>वडा नं ६ | ५०००० | श्री भिम कृषि तथा पशुपंक्षी फर्म | ५०००० | |
| ६ | पात्ले खानेपानी मुहान संरक्षण वडा नं ३ | २००००० | ग्वालटार भदौरे सुदामे सडक | २००००० | |
| ७ | वत्सला मावि तारजाली वडान नं ४ | २५०००० | वत्सला मावि मेशिनरी वाल | २५०००० | |
| ८ | वितिजोर विधुत पोल खरिद कार्यक्रम वडा नं २ | २०००००। | वडा नं २ को सम्पुर्ण बाटो मर्मत | २०००००। | |
| ९ | खनियाखर्क समुह भवन निर्माण | ३०००००। | सम्पुर्णबाटो मर्मत | ३०००००। | |

निर्णय नं १९ माथि छलफल गर्दा न्यायिक समितिको वैठकमा न्यायिक समितिमा सुचिकृत ३ जना आमन्त्रित मेलमिलापकर्ताहरुलाई प्रति वैठक रु.५०० (पाँच सय मात्र) मासिक बढिमा ३ वटा बैठकको यातायत खर्च दिने निर्णय गरियो ।साथै प्रथम पटकको हकमा आ.व. २०७८/०७९ को श्रावण देखि नै लागु हुने गरी यातायात खर्च दिने निर्णय गरियो ।उक्त यातायत खर्च न्यायिक समिति खर्च (२२७११) बाट गर्ने निर्णय गरियो ।

# गोलन्जोर गाउँपालिकाको नगर विकास समिति संचालन तथा व्यवस्थापन कार्यविध २०७८

कार्यपालिकाबाट स्वीकृत मिति २०७८/८/२३

<u>प्रस्तावना</u>: बढदो जनसंख्या तथा शहरीकरणको परिप्रेक्ष्यमा भइरहेको बस्ति विकास तथा नयाँ शहरउन्मुख गाउँ नगर स्थापना तथा संचालन र नयाँ शहर तथा बस्तिहरुलाई व्यवस्थित रुपमा स्थापना र संचालन देखि संरचना निर्माणको लागि आवश्यक सेवा र सुविधाहरु पुन्याउन तथा सर्वसाधारण जनताको नयाँ पुर्वाधार र संरचनाहरुलाई व्यवस्था गर्न वान्छनीय भएकाले यो कार्यविधि जारी गरिएको छ ।

## १.संक्षित्त नाम र प्रारम्भ

१.१ यस कार्यविधिको नामः गोलन्जोर गाउँपालिकाको नगर विकास समिति संचालन तथा व्यवस्थापन कार्यविधि २०७८ रहेको छ ।

१.२ यो कार्यविध स्वीकृत भै राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुने छ ।

## २. परिभाषा:

२.१ परिषाभाः विषय प्रसंगले अर्को अर्थ नलागेमा कार्यविधि भन्नाले:

२.१.१ कार्यविधि भन्नाले: गोलन्जोर गाउँपालिकाको नगर विकास समिति संचालन तथा व्यवस्थापन कार्यविधि २०७८ सम्झनु पर्छ ।

२.१.२ "नगर योजना" नगर विकास ऐन २०४५ दफा ३ बमोजिम तयार भएका योजनालाई सम्झनु पर्दछ सो शव्दले गाउँपालिकाले आफ्नो क्षेत्रको जनसंख्या शहरीकरणलाई मध्येनजर गरि तयार पारेको योजना तथा कार्यक्रमलाई सम्झनु पर्छ ।

२.१.३ "समिति" नगर विकास समिति ऐन २०४५ को दफा ४ बमोजिमको नगर विकास समिति सम्झनु पर्छ ।

२.१.४ <u>स्थानीय तह</u> "भन्नाले प्रचलित कानुनबमोजिम गठन भएको <u>गाउँपालिका</u> वा नगरपालिका सम्झनु पर्छ र सो शव्दले महानगरपालिका र उपमहानगरपालिका समेतलाई जनाउछँ ।

२.१.५ स्थानीय योजना" भन्नाले स्थानीय तहले आफ्नो क्षेत्रभित्रको भौतिक विकासको लागि तत्सम्बन्धी कार्यक्रम निर्धारण गरी तयार गरेको योजना सम्झनु पर्छ ।

२.१.६ संस्था" भन्नाले बसोबास वस्ती विकास बजार विकास जस्ता भौतिक विकास सम्वधी कार्यक्रम संचालन गर्ने उद्धेश्यले प्रचलित कानुन बमोजिम स्थापना भएको संस्था सम्झनु पर्छ ।

२.१.७ मन्त्रालय" भन्नाले नेपाल सरकारको सहरी विकास मन्त्रालय सम्झनु पर्छ ।

२.१.८ जग्गा "भन्नाले जुनसुकै जग्गा र त्यसमा स्थायी रुपले रहेको घर, बनोट, ताल, पोखरी, रुख आदि र सो घर, बनोट, ताल ,पोखरी, रुख आदिसँग स्थायी रुपले जोडिएको कुराहरुलाई समेत जनाउछ ।

**३.नगर योजना तर्जुमा र स्वीकृतिः**

३.१ देहायको कुनै वा सवै उद्धेश्य पुरा गर्न समितिले नगर योजना तर्जुमा गर्न सक्नेछ ।

३.१.१ गोलन्जोर गाउँपालिकाको कुनै भागमा एकिकृत रुपमा नगरेको भौतिक विकास गर्ने ।

३.१.२ भईरहेको नगरेको पुनः निर्माण विस्तार र विकास गर्ने तथा नँया नगरको निर्माण गर्ने ।

३.१.३ नगरविकासको लागि भु- उपयोग क्षेत्र निर्धारण गर्ने त्यस्तो क्षेत्रमा गर्न पाइने भौतिक विकासको मापदण्ड तोक्ने तथा त्यस्तो क्षेत्रको जनघन्त्वको आधारमा सडक, यातायात, बिजुली ,ढल, निकास, सरसफाई, खुल्ला क्षेत्र लगायतका सेवा तथा सुविधा उपलव्ध गराउने ।

३.१.४ उपयुक्त कार्यसँग सम्बन्ध अन्य कार्यहरु गर्ने ।

**३(क) स्थानीय योजनाको तर्जुमा र स्वीकृति**

३.(क)१ नगर योजना स्वीकृत भई नसकेको क्षेत्रहरुमा स्थानीय तहले सम्वन्धित जग्गा धनी वा मोहिहरुलाई समावेशगरी स्थानीय योजना तर्जुमा गर्न सक्नेछ ।

३.(क)२ उपदफा ३ (क) १बमोजिम स्थानीय योजनाको तर्जुमा गरिसकेपछि स्थानीय तहले समिति गठन भएको ठाँउमा समितिको समित गठन नभएको ठाँउमा नगर विकास जिल्ला समन्वय समितिको र सो समिति पनि गठन नभएको ठाँउमा नगर विकास केन्द्रिय समन्वय समितिबाट यस्तो योजना स्वीकृत गराउनु पर्नेछ ।

३(क)३ उपदफा ३(क)२ बमोजिम स्थानीय योजना स्वीकृत भइसकैपछी स्थानिय तहले त्यस्तो योजनाको विस्तृत विवरण समेतको सुचना सर्वसाधारणको जानकारीको लागि नगर विकास समितिलेबाट प्रकाशित हुने कुनै सूचना तथा जानकारी स्थानिय वा राष्ट्रिय पत्रिकामा प्रकाशित गर्नु पर्नेछ ।

**३.ख स्थानीय योजनाको संचालनः** स्थानीय तहले स्थानीय योजनाको संन्चालन गर्दा अपनाउनु पर्ने कार्यविधि तथा अन्य व्यवस्था दफा ३ क को उपदफा ३ (क) २ बमोजिम योजना स्वीकृत गर्ने समितिको तोकिदिए बमोजिम हुनेछ ।

## ४ नगर विकास समितिको गठन

४.१ नेपाल सरकारले नगर योजना कार्यान्वयन गर्न आवश्यकता अनुसार प्रत्येक स्थानीय तहमा नगर बिकास समिति गठन गर्न सक्नेछ ।

४.२ समितिमा देहायका सदस्यहरु रहनेछन:

४.२.१ सम्बन्धित स्थानीय तहको प्रमुख वा अध्यक्ष — अध्यक्ष

४.२.२ सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको प्रमुखले तोकेको सो समितिको सदस्य — सदस्य

४.२.३ प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत — सदस्य

४.२.४ वन भुमि तथा नापी सम्बन्धी स्थानीय तह वा जिल्लास्थित कार्यालयका प्रतिनिधिहरु — सदस्य

४.२.५ नगर कार्यपालिका वा गाउँ कार्यपालिका सदस्यहरु मध्येबाट सम्बन्धित नगर कार्यपालिका वा गाउँ कार्यपालिकाले तोकेको तीन जना सदस्य — सदस्य

४.२.६ स्थानीय क्षेत्रको विकासमा महत्वपुर्ण योगदान गरी आएका सोहि क्षेत्रका समाजसेवीहरु मध्ये बाट सम्वन्धी स्थानीय तहको कार्यपालिकाले मनोनित गरेका एकजना महिला सहित दुई जना — सदस्य

४.२.७ सम्बन्धीत स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृत — सदस्य सचिव

४.३ समितिले आवश्यक देखेमा सम्वन्धित स्थानीय तहको विकासमा महत्वपूर्ण योगदान गर्ने व्यक्ती वा कुनै विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यविक्षकको रुपमा भाग लिन आमन्त्रण सक्नेछ।

## ५.समिति संङ्गठित संस्था हुने:

५.१ उपदफा ४.१ बमोजिम गठित समिति अविच्छिन उतराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

५.२ समितिको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

५.३ समितिले व्यक्ति सरह चल अचल सम्पति प्रात्त गर्न उपभोग गर्न बेचविखान गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

५.४ समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोहि नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

## ६.समितिको वैठक सम्बन्धी कार्यविधी:

६.१समितिको बैठक कम्तिमा २ महिनामा एक पटक बस्ने छ ।

६.२ समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि

गणपुरक संख्या पुगेको मानिनेछ।

६.३ समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बरावर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायात्मक मत दिन सक्नेछ ।

६.४ समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।समितिको अध्यक्ष नतोकिएको अवस्थामा वा निजको अनुपस्थितिमा समितिको सदस्यहरुले आफु मध्येवाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ

६.५समितिको बैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा सदस्य सचिवले बोलाउनेछ ।

६.६ समितिले गरेको बैठक निर्णिय सदस्य सचिवले अध्यक्षता गर्ने व्यक्तिबाट प्रमाणित गराई अध्यावधिक गरी राख्नु पर्नेछ ।

६.७ समितिको बैठक संम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

<u>७.नगरविकास क्षेत्रको बस्ति विकास वा पुर्वाधार निर्माण संचालन तथा व्यवस्थापन सम्बन्धि व्यवस्था:</u>

७.१ भिमेश्वर खुर्कोट नगर विकास क्षेत्रभित्रका विकास निर्माण कार्यहरु हुदा नँया शहर आयोजना कार्यालयले नगर विकास समिति मार्फत गोलन्जोर गाउँपालिकालाई भावि योजना तथा नयाँशहरको बस्ति विकास भौतिक पुर्वाधार निर्माण र अन्य योजना तथा कार्यक्रमको गाउँपालिकामा जानकारी हुनुपर्नेछ ।

७.१.२ नगरविकास समितिले नगर क्षेत्र भित्र भएका विकास निर्माण कार्यहरुको सहजिकरण समन्वय र उक्त कार्यको अद्यावधिक गर्नुपर्नेछ ।

७.१.३ नँया शहर आयोजनाले नगर क्षेत्रभित्र गरेका विकास निर्माणका कार्यहरु सडक मन्दिर सार्वजनिक स्थल पार्क सोलार जडान शौचालय निर्माण कार्य गर्दा उक्त कार्यको लागत स्टमेट नगर विकास समितिलाई उपलव्ध गराउनुपर्नेछ र सोको आधारमा निरिक्षण अनुगमन गनुपर्नेछ ।

७.१.४ हरेक वर्षको प्राप्त वजेट सिलिङ्ग भित्र गरिने गतिविधहरु नँयाशहर आयोजनाले उपलव्ध गराउनुपर्ने र सोको आधारमा रेखदेखर निरिक्षण गुणस्तर समन्वयको तथा सहजिकरण गाउँपालिका मार्फत हुनेछ ।

७.१.५ नँया शहर आयोजनाले सम्पन्न गरर्को कामको विवरण सहित नगर विकास समितिलाई बुझाउनु पर्नेछ र उक्त सम्पन्न पछिको रेखदेख नगर विकास समितिले गर्नु पर्नेछ ।

७.१.६ नगर विकास क्षेत्रभित्र वस्ति विकास कार्य यथाशिघ्र सम्पन्न गर्न सवै निकाय सँग सहकार्य गरि जग्गा धनि मोहिका समस्या समाधान गर्न पहलको जिम्मेवारी नगर विकास समितिको हुनेछ ।

७.१.७ प्लाट्रिङ्ग क्षेत्रभित्र जग्गा धनि मोहिहरुको जग्गा रोक्का रहेकाले किनवेच अंशवण्ड पास लगायतका कार्यहरुमा अवरोध भई जग्गा धनी मोहिहरुको मार्कालाई यथासक्य जग्गाफिर्ता निति अवलम्वन गरी जग्गा फिर्ता गर्न सहजिकारण र समन्वय गरी अधि बड्नु पर्नेछ ।

७.१.८ गोलन्जोर गाउँपालिकाले नगर विकास समिति भित्र कार्यहरु गर्नका लागी आवश्यक कर्मचारीको व्यवस्थापन नगर विकास समितिले गर्नर सक्नेछ ।

## ८.नगरविकास समितिको कोष व्यवस्थापन:

८.१ नगर विकास समितिको कोष सम्बन्धि व्यवस्था:

(क) नेपाल सरकार

(ख) गाउँपालिका

(ग) अन्तराष्ट्रिय गैर सरकारी संस्था वा स्थानिय गैर सरकारी संस्था

(घ) विकास साँझेदार संस्था अन्य निकाय

८.२ नगर विकास समिति वा बस्ति विकास वा जग्गा विकास वा मानविय श्रोत व्यवस्थापन पुर्वाधार र अन्य योजना तथा कार्यक्रमको लागि एकमुष्ठ अनुदान वा लगानी गर्न सक्ने छ । यसरी गाउँपालिकाबाट दिएको अनुदान खर्च नगर विकास समितिको निर्णय अनुसार हुनेछ ।

## ९.विविध व्यवस्थापन:

९.१ नगर विकास समितिको अन्य व्यवस्थापन नगर विकास ऐन २०४५ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ । यस गाउँपालिकामा नगर विकास समिति संचालन तथा व्यवस्थापन सम्बन्धमा बाधा अडकाउ फुकाउ सम्बन्धि अधिकार ऐन को दफा ४ बमोजिम गठित समितिको हुनेछ ।